# वीरगंज महानगरपालिका ई-बुलेटिन

वर्ष ०२ ✦ अंक ०७ ✦ २०७९ चैत १३ गते सोमबार ✦ नेपाल संवत् ११४३ ✦ Monday March . 27 . 2023 ✦ पृष्ठ :-४


## गुठीको जग्गामा अवैध उत्खनन् : स्काभेटर सहित चार टिपर महानगरको नियन्त्रणमा



***वीरगंज, चैत ।***

वीरगंज महानगरपालिकाले सार्वजनिक जग्गामा अवैध उत्खनन गर्ने स्काभेटरसहित ४ वटा टिपर नियन्त्रणमा लिएको छ ।

वीरगंज महानगरपालिका वडा नम्बर २८ दर्दवास्थित गुठीको सार्वजनिक जग्गामा करिब २ महिनाभन्दा अघिदेखि अवैध रुपमा उत्खनन गर्दै आएको सूचनाको आधारमा महानगरको नगर प्रहरीले टिपर र स्काभेटर नियन्त्रणमा लिएको हो । नगर प्रहरी निरीक्षक हरिप्रसाद भुषालकाअनुसार ना ८ ख ४१२५, ना ७ ख ६५९७, ना ७ ख ६६०३ र ना ८ ख५४०३ नम्बरको टिपर र बा २ ख ६२३३ नम्बरको स्काभेटर महानगरले नियन्त्रणमा लिएर वीरगंजको आदर्शनगरस्थित बालमन्दिरको परिसरमा राखेको छ । महानगर प्रमुख राजेशमान सिंहको निर्देशनअनुसार नगर प्रहरी निरीक्षक भुषालकै नेतृत्वमा दर्दवा पुगेको टोलीले टिपर र स्काभेटर नियन्त्रणमा लिएको हो ।

गुठीको नाममा रहेको सार्वजनिक जग्गालाई आफ्नो सम्पति ठानेर निजी स्वार्थका लागि प्रयोग गर्नेहरुलाई कडा कारवाही गर्नुपर्ने वीरगंज २८ का स्थानीय युवा जितेन्द्र कुमार पटेल बताउँछन् । उनी भन्छन्, 'यो गुठीको सार्वजनिक जग्गामा केही व्यक्तिहरुले करिब २ महिनादेखि उत्खनन् गरेर माटो बेचीरहेका छन् । उकालो भएको जग्गा पनि खन्नुका साथै समथर भएको जग्गामा पनि खनेर माटो बेचेका छन् ।

उनीहरु जो भएपनि कारवाही गर्नुपर्छ ।' कारवाही मात्रै गरेर नपुग्ने बताउँदै उनले अहिलेसम्म खनेको झण्डै २ विघा क्षेत्रफल जमिनको क्षतिपुर्ती पनि व्यहोर्नुपर्ने धारणा राखे । दर्दवास्थित नदिको छेउबाट निरन्तर रुपमा उत्खनन भइरहेको हुँदा यसले भविष्यमा आफूहरुलाई जोखिम हुनेमा स्थानीय शेष पटेल चिन्तित छन् । उनी भन्छन्, 'अहिले जथाभावि रुपमा जग्गा उत्खनन् गर्दा पछि हाम्रै घरखेतमा पनि नदि बग्न सक्छ, छेउमै भएको नदिको

***बाँकी तेश्रो पृष्ठमा***

## अनधिकृत सेन्टरबाट परीक्षा लिने विद्यार्थीको उत्तर पुस्तीका शैक्षिक महाशाखाको नियन्त्रणमा

***वीरगंज, चैत ।***

अनाधिकृत परिक्षा केन्द्रमा कक्षा ८ को वार्षिक परिक्षा सन्चालन गरेका वीरगंजका चार वटा निजी विधालयका ८३ जना विधार्थीहरुको उत्तरपुस्तिका महानगरले नियन्त्रणमा लिएको छ ।

वीरगंज महानगरपालिकाका शैक्षिक महाशाखा प्रमुख अरविन्दलाल कर्ण नेतृत्वको टोलीले कक्षा ८ को वार्षिक परिक्षा दिइरहेका ८३ जना विधार्थीको उत्तरपुस्तिका नियन्त्रणमा लिएको हो । वीरगंज महानगरपालिकाले कक्षा ८ को महानगरस्तरीय वार्षिक परिक्षा आफनै विधालयमा परिक्षा केन्द्र तोकेर लिन निर्देशन दिएको थियो । तर चार वटा निजी विधालयहरुले उक्त निर्देशनको अवज्ञा गरि वीरगंज ७ स्थित माईस्थान बालविधा मन्दिर इन्दु लाखे आधारभूत विधालयमा अनाधिकृत

***बाँकी तेश्रो पृष्ठमा***

## सांसद र मेयरले भेटे प्रधानमन्त्री
## वीरगंजको विकासमा सहयोग गर्न आग्रह



***वीरगंज, चैत ।***

पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य प्रदीप यादव, वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले प्रधानमन्त्री पुष्पकमल दहाल (प्रचण्ड)सँग भेटघाट गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलवार भएको भेटघाटका क्रममा वीरगंजको विकास र समृद्धिका लागि प्रधानमन्त्री दहालले सकारात्मक संकेत देखाएका छन् । पर्साबाट निर्वाचित सांसद यादवले वीरगंजको विकास र समृद्धिका लागि बाधक बनेका समस्याहरु समाधानका सम्बन्धमा प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएका छन् ।

देशकै प्रमुख प्रवेशद्वार भएपनि सँधै राज्यबाट उपेक्षामा पर्दै आएको दुखेसो पोख्दै वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वीरगंजलाई प्राथमिकतामा राख्न आग्रह गरे ।

वीरगंजको विकासले देशको राजस्वमा पनि प्रभाव पर्ने हुँदा यहाँ विकासका योजना दिँदा कन्जुस्याई नगर्न मेयर सिंहको सुझाव छ । वीरगंजको विकासका लागि चाहिने हरेक सहयोग गर्न तयार रहेको प्रतिबद्धता पनि प्रधानमन्त्री दहालले व्यक्त गरेका छन् ।


भेटघाटका क्रममा पूर्व मन्त्रीसमेत रहेका यादव, महानगर प्रमुख सिंहसहित जिल्ला समन्वय समिति पर्साका प्रमुख निरन्जन प्रसाद सा सोनार पनि उपस्थित थिए ।

## सामुदायिक विद्यालयको सुधार र विकास मेरो प्राथमिकतामा छ : मेयर सिंह

***वीरगंज, चैत ।***

वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर र भौतिक पुर्वाधार सुधारका लागि महानगर लागिपरेको बताएका छन् । बिहीबार वीरगंजको सिद्धार्थ

***बाँकी तेश्रो पृष्ठमा***




# सम्पादकीय



## जनसंख्याको प्रयोग र व्यवस्थापन

राष्टि्रय जनगणनाको शुक्रबार प्रकाशित भएको नतिजाले अब नेपालको आधिकारिक जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ पुगेको छ। यद्यपि, अझै पनि विभिन्न जातजातिको एकमुष्ट जनसंख्या भने सार्वजनिक गरिएको छैन । २०६८ मा भएको जनगणनापछिको एक दशकको अवधिमा जनसंख्याको वार्षिक वृद्धिदर केवल ०.९२ प्रतिशतमात्रै देखिन पुगेको छ। उक्त एक दशकको समयावधिमा केवल २६ लाखभन्दा केही बढीको संख्यामा नेपालीहरु थपिन पुगेका छन्, जुन सोचेभन्दा निकै कम संख्या हो। जनसंख्याको वृद्धिदर कम हुनु सकारात्मक या नकारात्मक दुवै पक्षबाट हेर्न सकिन्छ, जसलाई फरक(फरक प्रकारले हेर्नु त्यति अस्वाभाविक पनि छैन। जनसंख्याका भार कममात्रै वृद्धि भएको अवस्थाले देशलाई आकर्षकसँगै सम्भावनायुक्त मुलुकका रुपमा भने देखाउन पुगेको छ, जुन न्यून वृद्धिदरका कारण बारम्बार टीकाटिप्पणी गर्नेहरुलाई पछिल्लो परिणामले एउटा गतिलो पाठसमेत सिकाउन पुगेको छ ।

जनसंख्याको वृद्धिदर न्यून हुनुमा धेरै कारणहरु अघि सार्न सकिन्छ । उदाहरणका रुपमा प्रजननदरमा देखिएको न्यूनतासँगै मृत्युदरमा आएको गिरावटसम्मले त्यसमा महत्वपूर्ण भूमिका खेल्न पुगेको छ । त्यसरी नै स्वास्थ्य सेवा प्रभावकारी हुनु, शैक्षिक जागरणमा बढोत्तरी देखिनु र रोजगारीको क्षेत्रसमेत विस्तारित हुनुले जनसंख्याको न्यून वृद्धिमा ठूलो प्रभाव परेको पनि हो। समग्र जनसंख्यालाई हेर्दा त्यसमा बालबालिकाहरुको संख्या घटेको देखिए पनि युवाहरुको भने बढ्न पुगेको छ । त्यसरी नै ज्येष्ठ नागरिकहरुको उमेर हदमा समेत वृद्धि भएको अवस्था छ। युवाहरुको संख्या वृद्धिलाई देशमा सम्भावनाहरुको ढोका खोल्न पुगेको अवस्थामा हेर्नुपर्छ। काम गरेर खान सक्ने सक्रिय उमेर समूहका झन्डै १ करोड ८० लाख ७२ हजारको संख्या देखिनुलाई सुन्दर बनावटका रुपमा लिन सकिन्छ । ६८ को जनगणनामा केवल ५७ प्रतिशतको हाराहारीमा रहेको सक्रिय उमेर समूहको प्रतिशत यसपल्ट झन्डै ६२ प्रतिशत पुगेको छ ।

एक दशक अवधिको समयमा त्यस समूहमा ५ प्रतिशतको वृद्धि हुनु देश विकास र निर्माणको सन्दर्भमा निकै सकारात्मक पनि छ। राज्यबाटै जनसंख्यागतरुपमा वितरण गरिएको सेवामा भेदभाव हुनुले त्यसले वर्गीय, जातीयसँगै लिङ्गीय मात्रामै समानताको पहुँचलाई पर धकेलिरहेको स्थिति छ । सम्पूर्ण जनसंख्यालाई समान किसिमको व्यवहार नगरिनु र अवसरसँगै सुविधाबाट समेत वञ्चित गरिने प्रक्रिया जारी नै रहने हो भने जनसंख्याको वृद्धिदर त्यति चिन्ताको कारण नबने पनि भएको जनसंख्या पनि ठूलो मात्रामा पलायन हुने खतरा उत्तिकै छ। हाल विश्वको जनसंख्या ८ अर्बभन्दा बढी छ, त्यसको अनुपातमा नेपालको जनसंख्याको मात्रा असाध्यै न्यून हो। अरबभन्दामाथि जनसंख्या भएका छिमेकी राष्ट्र चीन र भारतको बीचमा रहेको नेपालजस्तो सानो मुलुक भए पनि प्राकृतिक साधनस्रोतले सम्पन्न भएको अवस्थामा यति जनसंख्यालाई पनि सही प्रकारले प्रयोग र व्यवस्थापन गर्न सक्ने हो भने विकासको तीव्र मार्गमा अघि बढ्न सकिन्छ । यद्यपि, जनसंख्यालाई प्रभावकारी तरिकाले प्रयोग र व्यवस्थापन गर्न नसक्दा एकपछिअर्को समस्या देशहमा उत्पन्न भैरहेका छन् । जनसंख्याको प्रतिशतले नभएर राज्यले प्रदान गर्ने सुशासन र सेवाले मात्रै देशको भविष्य सुरक्षित हुने सन्दर्भलाई यहाँनेर मनन गर्नुपर्ने देखिन्छ ।

# जनताप्रति जबाफदेहीता : सरकारी संयन्त्रको सही परिचालन

***वीरगंज, चैत ।***

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेको छ, जनचाहनाअनुसार तर्जुमा गरिने, सरकारका कार्यक्रमहरू, योजनाहरू, नीतिहरूको प्रभावकारी कार्यान्वयन सरकारी संयन्त्रमार्फत् हुने गर्छ । संयन्त्रको दक्षता, सरकारप्रतिको निष्ठा, सरकार र संयन्त्रबीचको सौहार्द्रताबाट मात्र सरकार अघि बढ्न सक्छ । हाम्रो सन्दर्भमा प्रत्येक सरकारले अघि सारेका कार्यक्रमको कार्यान्वयन स्तर, संयन्त्रको विद्यमान संस्कृति, सरकार र संयन्त्रबीचको सम्बन्ध, जनशक्तिको मनोबल जस्ता विषयले प्रभाव पार्छ । राजनीतिक अस्थिरताको कारण सबै क्षेत्र अस्तव्यस्त छ । शान्ति सुरक्षाको अवस्था नाजुक छ ।

कानुनको शासन पूर्ण रूपमा लागू हुन सकेको छैन । प्रहरी प्रशासन र स्थानीय प्रशासनले आफ्ना कर्तव्य निर्वाह गर्न नसकी पीडक र पीडितबीच वार्ता गराउने माध्यमका रूपमा मात्र देखिँदै छन् । कर्तव्य निर्वाह गर्दा विभिन्न प्रकारका आयोगको छानबिनको दायरामा पर्ने, कालो सूचीमा नाम अङ्कित हुने र तत्पछि पदोन्नति, शान्ति सेनामा खटिने र थप जिम्मेवारीका स्थानमा सरुवा हुने सबै अवसरबाट वञ्चित हुने हुँदा, जनताको जिउधनको सुरक्षा मनोबल गिरेको संयन्त्रबाट हुने विषयमा विश्वस्त हुन सकिने स्थिति छैन । प्रभावशाली व्यक्तिहरू र वर्गको संरक्षणमा अपराधीहरूको सञ्जाल सुदृढ भई कारबाही गर्न नसकिएको गुनासो सम्बन्धित पदाधिकारीहरूको छ ।

निजामती सेवाभित्रको अवस्था सन्तोषजनक छैन। बिस्तारै सबै निजामती सेवाका कर्मचारीमा राजनीतिक आवरणमा आफूलाई सुरक्षित राख्ने प्रवृत्ति बढ्दै छ । निजामती कर्मचारीहरू केही वर्गमा विभक्त भएका छन् । एउटा समूह छ, ट्रेड युनियनमा आबद्ध । ट्रेड युनियन अधिकार प्रदान गरेपछि पेसागत हकहितका विषयबारेमा कर्मचारीको आवाजले महत्व पाउँदै गएको छ ।

सेवाभित्र हुने सुधार प्रक्रियामा कर्मचारी हित अनुकूल गराउन सहयोगसिद्ध भइरहेको छ, तर ट्रेड युनियनकर्मीहरूमा राजनीतिक आवरण देखिने, पहिला कर्मचारी त्यसपछि मात्र ट्रेड युनियनकर्मी हुँ भन्ने धारणा विकास हुन सकेको छैन । नीतिगत तहमा कार्यरत समूह आफ्नो व्यावसायिक दक्षता वृद्धि गर्नुभन्दा पनि राजनीतिक पदाधिकारीहरूसँग नजिकको सम्बन्ध कायम गर्नमा व्यस्त देखिन्छन् ।

वृत्ति विकासमा असर पर्ने त्रासका कारण सुपरीवेक्षकप्रति समय( समयमा बफादारिता देखाउने गर्छन् । अर्को पक्ष छ, अवकाश समय नजिक रहेका, वृत्ति विकासको कुनै गुञ्जायस नभएका, संयन्त्रभित्र सबै हिसाबले प्रत्युत्पादक देखिएका जसलाई सङ्गठनको स्वार्थमा चलायमान गराउन सकिँदैन । सचिवहरू आकर्षक मन्त्रालयमा पदस्थापन हुने र अवकाशपछि विभिन्न जिम्मेवारी पाउने लोभका कारण राजनीतिक व्यक्तिहरूप्रति अत्यधिक भक्तिभाव देखाउँछन् । यिनीहरूमा व्यावसायिक निष्ठा, अडान र विशेषज्ञताको अभाव देखिँदै छ । कानुनले दिएको अधिकारको स्वतन्त्र हिसाबले प्रयोग नगर्ने, प्राप्त अधिकारको प्रयोग निर्देशनअनुसार गर्ने परिस्थिति छ । उपयुक्त व्यक्ति उपयुक्त स्थानमा कार्यरत रहन पाएको छैन, सेवा प्रवाहमा प्रत्यक्ष प्रभाव परिरहेको छ । भ्रष्टाचार नियन्त्रणको विषय आकर्षक स्थानमा आफू नजिकका मानिस खटाउने र त्यस सङ्गठनको सुधारका लागि पर्याप्त ध्यान नदिने गर्दा गौण भएको छ। यी आलोचनाहरूको सामना हाम्रो निजामती संयन्त्रले गर्नुपरेको छ । यद्यपि, सरकारी संयन्त्रभित्र केही क्षमतावान्, सुयोग्य र इमानदार पदाधिकारीहरू पनि भएकामा द्विविधा छैन । मन्त्रीहरू आफ्नो मन्त्रालयको कार्यप्रति संसद्मार्फत् जनताप्रति जबाफदेही रहन्छन् । आफ्नो निर्देशनअनुरूप संयन्त्र अघि बढ्नुपर्ने इच्छा राख्छन् । सङ्गठनको संवेदनशील पक्षको रूपमा रहेको मानवीय स्रोतलाई मैत्रीपूर्ण व्यवहार र उपयुक्त वातावरण दिई परिचालित गराउने योग्यता सबैमा देखिँदैन । कानुनी जटिलताका कारण सबै कार्य यथासमयमा हुन सक्दैनन् ।

त्यसलाई सरलीकरण गर्ने दायित्व पनि सरकारकै रहन्छ । सचिवहरू प्राप्त अधिकारको भरपुर प्रयोग नगर्ने, मन्त्रीहरू सचिवलाई आफूसँग भएको अधिकार प्रत्यायोजन गर्न तत्परता नदेखाउने, मन्त्री स्तरबाट सबै निर्णय यथासमयमा गराउन नसकिने, जिम्मेवारी पन्छाउने जस्ता विसङ्गति पनि देखिन्छ। मन्त्रीका सल्लाहकार, निजी सहायक सबै दबाब सरकारी पदाधिकारीहरूमाथि पर्छ । आर्थिक पक्ष अझ बढी संवेदनशील छ, कानुनतः सचिव प्रमुख लेखा उत्तरदायी अधिकारी हुन्छ। आर्थिक मामिलामा सचिव तहको निर्णय अन्तिम हुन्छ ।

कानुन प्रतिकूल प्राप्त भएका निर्देशन र आदेश सचिवहरूले पालना गर्न सक्दैनन् । यसले पनि राजनीति र प्रशासनबीच तिक्तता बढ्ने गर्छ। नियम, कानुन, आफ्ना सङ्गठनको जनशक्ति, उपलब्ध स्रोतसाधन आदि विषयमा जानकारी राखिसक्दा नसक्दै सरकार बदलिने क्रम प्रारम्भ हुन्छ । आफ्नो कार्यावधिमा उल्लेखनीय कार्य सम्पादन गर्न नसकिएको दोष सरकारी संयन्त्रमाथि थुपार्ने गरिन्छ । विशेष गरी नीति निर्माण र निर्णय तहमा कार्यरत कर्मचारीहरूले पर्याप्त गृहकार्य गरी सरकार र संसद्मा प्रभावकारी हिसाबले पेस हुनुपर्थ्यो ।

जसबाट राजनीतिकर्मी, मन्त्रीहरू र सांसदहरूलाई विश्वस्त पार्न सकियोस् । यस प्रकार निजामती सेवाको नेतृत्व वर्ग पेस भएन भन्ने विषयले अत्यधिक चर्चा पाएको सुनिन्छ । हाम्रो निजामती सेवाको नेतृत्वकर्ताहरूमा रहेको व्यावसायिकताको अभावका सम्बन्धमा दोस्रो जनआन्दोलनपछि गरिएका केही व्यवस्थाहरूको उदाहरणहरू नै पर्याप्त छन् ।

हामीले लामो समय एउटै पदमा रहेका कर्मचारीहरूलाई पदोन्नति दिन विशेष बढुवाको व्यवस्था गर्‍यौं । यो पदोन्नतिबाट जिम्मेवारीमा वृद्धि भएन, आर्थिक रूपमा पनि खासै फरक देखिएन, कर्मचारीहरूबीच नै विभाजनको रेखा कोरियो। दोस्रो हो, एउटा मन्त्रालयमा मन्त्री एक सचिव अनेक, यसले सचिव पदको ओज र मर्यादामा ह्रास आएको छ । सचिवहरूका बीच मैत्रीपूर्ण वातावरण बन्न सकेको छैन । पदोन्नतिपछि जिम्मेवारी घटेको छ। तेस्रो हो, ट्रेड युनियनको व्यवस्था । यसले निजामती सेवामा सकारात्मक र नकारात्मक दुवै प्रभाव पारेको छ । संयन्त्रभित्र यसको भूमिकामा पुनरावलोकन जरुरी देखिएको छ । हाम्रो निजामती संयन्त्रको परिचालन पूर्वाग्रही रूपमा हुन थालेको छ । सरकारले निश्चित पदाधिकारीलाई मात्र महत्वपूर्ण जिम्मेवारी दिने गर्न थालेको छ। अमेरिकाको लुट प्रणाली जस्तै नेपालमा सरकारमा जाने राजनीतिक दलहरूले जिम्मेवारी दिने कर्मचारीहरूको छुट्टाछुट्टै सूची बनाउने, आस्थाकै आधारमा जिम्मेवारी दिने गर्छन् ।

जिम्मेवारीविहीन कर्मचारीहरू उपेक्षित महसुस गरिरहेका छन् । उल्लिखित यथार्थतालाई मध्यनजर गरी सरकारी संयन्त्रको परिचालन गर्नु उपयुक्त देखिन्छ । संयन्त्र प्रभावकारी परिचालनका लागि सङ्गठनभित्रका प्रत्येक कार्यका लागि जबाफदेहिता निश्चित गर्ने, पारदर्शिता र व्यावसायिकताको विकासलाई निरन्तरता दिने, तर्जुमा गरिने नीति, योजना र लिइने निर्णयले सङ्गठन अग्रगामी सुधारका साथ अघि बढ्न मार्ग प्रशस्त गर्ने, सबै सङ्गठनको नेतृत्व राजनीतिक नियुक्तिमा समेत व्यावसायिक दृष्टिले सक्षम व्यक्तित्वलाई सुम्पने, गलत नीति तैनाथ गरी निर्णय लिनेहरूउपर कारबाही गर्नुपर्छ ।

शान्ति सुरक्षा कायम गर्नु सरकारको प्रथम दायित्व हो। जसको अभावमा मुलुकको कुनै पनि क्षेत्र अघि बढ्न सक्दैन । सबै विषयमा दबाबबाटै निर्णय गरिने, शान्ति सुरक्षाको स्थापित मूल्य र मान्यताविपरीत सुरक्षा निकाय परिचालन हुने प्रवृत्तिलाई शीघ्र रोक्नुपर्छ। तसर्थ प्रहरी र प्रशासनका अधिकृतहरूलाई शान्ति सुरक्षाको अवस्था सुदृढ गर्न प्रोत्साहित गर्ने, परिस्थितिले अनुमति दिँदा पनि बल प्रयोग गरी स्थिति नियन्त्रणमा लिन नसक्नेउपर शीघ्र कारबाही गर्नुपर्छ । राजनीतिक दलहरूले आफ्ना कार्यकर्ताहरूलाई अनुशासनमा राखिदिए मात्रै पनि शान्ति सुरक्षाको स्थितिमा उल्लेखनीय सुधार आउन सक्छ ।

यद्यपि हालसम्म यस विषयमा राजनीतिक दलहरूको ध्यान केन्द्रित हुन सकेको छैन । सुरक्षा संयन्त्रलाई पेसागत हिसाबले अघि बढ्न दिनुपर्छ। नागरिकको जिउधनको सुरक्षा प्राप्त अधिकारको सदुपयोग नगर्ने, दुरुपयोग गर्नेलाई कडा कारबाही गरिनुपर्छ। सम्बन्धित क्षेत्रको सुरक्षा प्रमुखहरूलाई जबाफदेही बनाई जबाफदेहिता निर्वाहका आधारमा वृत्ति विकासलगायत अन्य अवसर प्रदान गर्नुपर्छ ।

हाम्रो जनशक्तिलाई स्रोत र साधनको उपलब्धता कानुनी जटिलताहरूको विश्लेषणसहित उपयुक्त वातावरण सिर्जना गर्न नेतृत्व तहले पहलकदमी गर्नुपर्छ । संगठनहरूको स्थापना पुनर्संरचना गर्दा सार्वजनिक प्रशासनको स्थापित मूल्य र मान्यतामा आधारित भई गर्नुपर्छ ।

राजनीतिक उद्देश्य प्राप्तिका लागि विशेषज्ञहरूको समूहले दिएको सुझाव प्रतिकूल निर्णय लिने प्रक्रिया शीघ्र रोकिनुपर्छ । यसका लागि मन्त्रालयको सङ्ख्या र सचिवको सङ्ख्यालगायत निजामती सेवामा महत्वपूर्ण विषयहरू संविधानमा नै व्यवस्थित गर्नुपर्छ भन्ने आवाजसमेत उठ्न थालेको छ ।

कर्मचारी संयन्त्र जति इमानदार, लगनशील, सक्षम हुन्छ र उच्च मनोबलका साथ कार्य गर्ने वातावरणमा परिचालित हुन्छ, सरकार त्यतिकै बढी मात्रामा सफल हुँदै जान्छ। यस प्रकारको महत्वपूर्ण संयन्त्रको प्रभावकारी परिचालनमा भौतिक, आर्थिक र मानवीय स्रोत साधनको उचित व्यवस्थापन अनिवार्य शर्तका रूपमा रहेको हुन्छ । यसमा पनि मानवीय स्रोतले बढी महत्व राख्छ। जसको प्रभावकारिताबिना भौतिक र आर्थिक स्रोत साधन मजबुद हुनुको खासै अर्थ रहँदैन। हामीले व्यवस्थापनका बारेमा अध्ययन गर्दा यसको संवेदनशीलतालाई चिन्तन गरिनुपर्छ । मानवीय पक्षलाई अत्यधिक सदुपयोग र प्रभावकारी परिचालन गर्न विविध पक्षमा गम्भीरतापूर्वक सोचिनुपर्छ ।

यसलाई निर्जीव औजारका रूपमा होइन, यसका मनोवैज्ञानिक पक्षलाई राम्ररी सम्बोधन गरिनुपर्छ । सरकारी संयन्त्रभित्र केही सङ्ख्यामा क्षमतावान् कर्मचारीहरू पनि देखिन्छन्। यिनीहरूलाई उपयुक्त परिचालन र प्रोत्साहनको आवश्यकता छ । सरकारी संयन्त्रमा देखिएको विचलन लामो समयदेखि प्रभावित हुँदै यस अवस्थामा पुगेको हो। संयन्त्रभित्रका अप्ठेरा र नमिल्दा विषयहरूलाई यथासमयमा सुधार नहुनुको परिणति हो। सरकारी संयन्त्रलाई प्रभावकारी बनाउन राजनीतिक प्रतिबद्धताका साथ अघि बढ्नुपर्ने हुन्छ ।

यसका लागि सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको परामर्श लिने, दण्ड र पुरस्कारको अवस्थालाई प्रभावकारी बनाउने, योग्यता प्रणालीलाई सुदृढ गराउँदै लैजाने, मन्त्रालयका सचिव र विभागीय प्रमुखलाई कार्य सम्पादनको आधारमा जिम्मेवारी हेरफेर गर्ने प्रक्रिया कडाइका साथ लागू गर्ने, आकर्षक स्थानमा आफ्ना मानिसहरू सरुवा गर्ने प्रक्रियालाई निरुत्साहित गर्न उक्त निकायहरूका क्रियाकलापहरू पारदर्शी बनाउने व्यवस्था गरी कम आकर्षित बनाउँदै लैजाने, कार्यसम्पादन स्तरको समीक्षा सम्बन्धित क्षेत्रका विज्ञहरू समेत समाविष्ट भएको समितिबाट गराउने र समितिको सिफारिसका आधारमा दण्डित एवं पुरस्कृत गर्ने, सेवा प्रवाह हुने कार्यालयहरूमा जनतासमेत सम्मिलित हुने संयन्त्र तयार पारी सोको रेखदेख र सुपरीवेक्षणमा सर्वसाधारणले सरल र सहज तरिकाले सेवा प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने सूचना प्रविधिको प्रयोग सबै निकायमा गर्ने गरी व्यवस्थित गरिनुपर्छ। अन्यथा, प्रभावकारी हिसाबले संयत्र क्रियाशील रहने अवस्था रहँदैन ।

यसबाट राजनीतिज्ञहरू नीति कार्यक्रम दिँदै जाने, यथासमयमा कार्यान्वयन नहुने र यी सबैको दोषारोपण सरकारले आफ्नै संयन्त्रलाई दिँदै जाने जस्ता दुश्चक्रले निरन्तरता प्राप्त गर्दै जान्छ । यी सबै विषयहरूमा सरकार क्रियाशील र गम्भीर हुन

***बाँकी तेश्रो पृष्ठमा***

" करमा प्राप्त छुटको फाईदा उठाई समयमै कर तिरौं, जरिवानाबाट बचौं" "बीरगंजनगरलाई समृद्ध बनाऔं"

## जनताप्रति..............

जरुरी छ । केन्द्रमा कर्मचारीहरूले काम नपाउने तथा प्रदेश र स्थानीय तहमा कर्मचारीहरूको अभाव हुने अवस्थाको सिर्जना हुनु भनेको सरकारको उपस्थिति नदेखिनु हो । तसर्थ, यो अवस्थाको अन्त्य नितान्त जरुरी छ । पक्षपातपूर्ण राजनीतिक आग्रह र पूर्वाग्रहका आधारमा कर्मचारीहरूको समायोजन गर्ने प्रयास भएमा सरकार पुनः अप्ठेरोमा पर्न सक्छ ।

## गुठीको जग्गामा.......

पानीले घरखेत डुबाउनुका साथै वर्षायाममा बाढीको डर हुने भयो । अब जसरी हुन्छ यसलाई रोक्नुपर्‍यो ।' सार्वजनिक सम्पती कुनै एक व्यक्तिको मात्रै नभएर सबैले जोगाउनुपर्ने स्थानीय पटेलको भनाई छ । गुठीको जग्गालाई हडप्न खोजेकोप्रति आपत्ती जनाउँदै स्थानीय नवराज गिरी पनि सार्वजनिक जग्गामा उत्खनन् गर्न नमिल्ने बताउँछन् ।

यसअघि पटकपटक प्रहरी चौकी परवानीपुरलाई खबर गर्दा पनि कुनै पहल नचालेको हुँदा यसमा प्रहरीको पनि मिलेमतो भएको हुन सक्ने स्थानीय विक्रम पटेलको आशंका छ । परवानीपुर प्रहरीले बेवास्ता गरेपछि महानगर प्रमुखलाई खबर गरेको बताउँदै पटेलले महानगरले खबर पाउने बित्तिकै टिपर र स्काभेटर नियन्त्रणमा लिएको भन्दै सह्राना गरे । साथै उनीहरुलाई कारवाही गरी क्षतिपुर्ती माग गर्नुपर्ने पटेलको भनाई छ । महुवन गुठीको नाममा रहेको जग्गा व्यक्तिगत स्वार्थपुर्तीका लागि प्रयोग भइरहेको उनले बताए । उनले भने, 'यहाँ कसैले माटो उत्खनन् गरेर प्रति टिपर १५ सयदेखि ३ हजार रुपैयाँसम्म बेचीरहेका छन् भने कसैले त्यही जग्गामा पोखरी खनेर माछापालन गरीरहेका छन् ।' पटेलकाअनुसार १२ बिघा क्षेत्रफलको जग्गामा पोखरी खनेर माछापालन गरिएको छ । यसमा गुठीका हाकिमहरुको पनि मिलेमतो भएको पटेलको आरोप छ । नियन्त्रीत टिपरको चालककाअनुसार उक्त माटो खन्ने कामको ठेक्का चन्द्रिका पटेल नाम गरेका व्यक्तिले लिएका छन् । यद्यपी अहिलेसम्म टिपर र स्काभेटर नियन्त्रणमा लिँदा कसैले पनि रोकतोक तथा दावी गर्न नआएको नगर प्रहरी प्रमुख भुषालले बताए ।

महानगरले केही साता यता सार्वजनिक जग्गाको अतिक्रमण हटाउने अभियान चलाएको बताउँदै महानगर प्रमुख राजेशमान सिंहले सार्वजनिक जग्गा व्यक्तिगत रुपमा प्रयोजन गर्नेलाई कारवाही गर्ने चेतावनी दिए । साथै उनले महानगरका अन्य क्षेत्रमा पनि सार्वजनिक वा गुठीको जग्गा दुरुपयोग भएको वा अतिक्रमणमा परेको भए महानगरलाई खबर गर्न पनि आग्रह गरेका छन् ।

## अनधिकृत..............

परिक्षा केन्द्र तोकेर कक्षा ८ को परिक्षा लिइरहेका थिए । शुक्रबार अनुगमनका क्रममा महानगरको टोलीले माईस्थान बालविधा मन्दिर इन्दु लाखे आधारभूत विद्यालयको परिक्षा केन्द्रबाट ग्रीन ल्याण्ड माविका ४७, ओसीम माविका १७, एपेक्स इन्टरनेसनल स्कुलका ७ र सालोम माविका १२ गरि ८३ जना विद्यार्थीहरुले उत्तरपुस्तिका नियन्त्रणमा लिएको हो ।

वीरगंज महानगरपालिकाको शैक्षिक महाशाखा कर्णले सामुदायिक विद्यालयमा अनाधिकृत परिक्षा केन्द्र तोकेर परिक्षा लिइरहेका ४ वटा निजी विधालयका ८३ जना विद्यार्थीहरुको उत्तर पुस्तिका नियन्त्रणमा लिएको बताए । ती विधालयहरुलाई आ(आफ्नै विधालयमा परीक्षा केन्द्र तोकर फेरि परिक्षा लिन निर्देशन पनि दिइएको उनले बताए ।

वीरगंज महानगरमा सन्चालित कक्षा ८ को महानगरस्तरीय वार्षिक परिक्षामा सामुदायिक ३४ र निजी ८३ वटा विधालयका गरि कूल ५ हजार ८ सय ६२ विद्यार्थीहरु सहभागी छन् ।

## सामुदायिक............

माद्यामिक विद्यालय परिसरमा सडकको शिलान्यास गर्दै मेयर सिंहले सामुदायिक विद्यालयको सुधार र विकास आफ्नो प्राथमिकतामा रहेको बताए । उनले महानगरपालिकाले सामुदायिक विद्यालयहरुमा आवश्यक भौतिक पुर्वाधार र जनशक्ति कमी हुन नदिने भएकाले अध्यनमा ध्यान दिन विद्यार्थीहरुलाई सुझाव पनि दिए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रलाल संघाइले मेयर सिंहलाई दोसल्ला ओढाएर सम्मानित पनि गरेका थिए । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक अनिल वर्णवाल, स्थानीय अगुवा शीवशंकर पटेल, मेयर सिंहका प्रेस सल्लाहकार महेश दास लगायतको पनि उपस्थिति थियो

## वडाअध्यक्ष.............

एउटा विद्यालयका विद्यार्थीलाई वितरण गरिएको बताउँदै वडाअध्यक्ष कानुले आगामी आर्थिक वर्षदेखि वडाका अन्य सामुदायिक विद्यालयमा पनि वितरण गर्ने योजना रहेको बताए । साथै उनले पोसाक वितरण गर्न वडाअध्यक्षसहितका जनप्रतिनिधि विद्यालयमा पुग्दा विद्यार्थीहरुको मनोबल बढ्ने विश्वास पनि व्यक्त गरे । वडाअध्यक्ष कानुसँगै वडा सदस्यहरु सन्तोष जैसी चौलागाई, मिश्रादेवी नगरकोटी, प्रेमशिला देवी र प्रभु प्रसाद महतोको उपस्थिती रहेको विद्यालयका प्रधानाध्यापक अर्विन्दलालले जानकारी दिए ।

## सार्वजनिक जग्गा....

महानगरपालिकाका नगरप्रमुख सिंहको सचिवालयका हरि पोखरेलले जानकारी दिए । यस्तै वडा नम्बर १९ मा स्थानीयले अतिक्रमण गरी निजी प्रायोजनमा प्रयोग गर्दै आएको करिब सात बिघाभन्दा बढी सार्वजनिक जग्गा आफ्नो अधिनमा ल्याउन सफल भएको पोखरेलले बताए । उनका अनुसार सोही वडामा एकै दिन वीरगंज महानगरपालिकाको टोलीले १६ बिघा अतिक्रमित सार्वजनिक जग्गा खोजी गरी महानगरको अधिकनमा नक्साङ्कन गरिएको छ ।

अतिक्रमित जग्गा खोज्ने अभियानका क्रममा केही दिनअघि वीरगंज महानगरपालिकाको आर्दशनगरस्थित चिल्ड्रेन पार्कको जग्गा स्थानीयले अतिक्रमण गरेको पाइएको थियो । पार्कको जग्गा अतिक्रमण गरी स्थानीयले निर्माण गरेको संरचना हटाउन महानगरले सूचना दिइसकेको र खाली नगरे डोजर चलाइने पोखरेलको भनाइ छ । अतिक्रमित जग्गाको थप खोजी गर्न प्राविधिकको समूह खटाएर पहिचान गर्ने र त्यसको घेरा गरी संरक्षण गरिने कार्यसमेत भइरहेको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले जानकारी दिए ।

अतिक्रमण गरेको सार्वजनिक जग्गा छुट्याउन दिनभर नापजाँच गरेर छुट्याउनुका साथै डोजर लगाएर सीमा छुट्याउने काम भइरहेको प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताए । अहिले महानगरसँग आफ्नो क्षेत्रमा रहेका सार्वजनिक जग्गा कति छ भन्ने कुनै पनि वास्तविक तथ्याङ्क नरहँदा खोजीमा कठिनाइ भइरहेको भए पनि अभियान सफल पार्न टोली दिनहुँ खटिरहेको उनको भनाइ छ । अतिक्रमित जग्गा खोजी अभियानलाई ३२ वटै वडामा सञ्चालन गरिने महानगरले जनाएको छ ।

हरेक वडामा रहेका सार्वजनिक जग्गा तथा सम्पत्तिको अभिलेखीकरण गरेर राख्न र आवश्यकताअनुसार प्रयोग गर्न महानगरले खोजी अभियान अघि बढाएको प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताए । वर्षौंदेखि सार्वजनिक जग्गा अतिक्रमण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै महानगरले अतिक्रमणमा परेको जग्गा फिर्ता गराउने अभियान सञ्चालन गरेर सकारात्मक सन्देश दिएको जनाइएको छ ।

## भाटभटेनीले............

लक्षित गरि हामीले वीरगंज बजारको भन्दा सस्तो मूल्यमा सामान उपलब्ध गराएका छौं ।' स्टोरको अवलोकन गर्न वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह पनि पुगेका थिए । स्टोर अवलोकन गर्दै सिंहले वीरगंजमा पनि भाटभटेनी जस्तो ठूलो चेन सुपरमार्केट खुल्नु महत्वपूर्ण कुरा भएको बताए । उनले भने, 'भाटभटेनीले मधेश प्रदेशमै पहिलो स्टोर वीरगंजमा खोलेको छ । यसले हाम्रो शहरमै एउटा विशेषता थपिन पुगेको छ । व्यवसायीक हिसाबले मात्र नभएर पर्यटकीय हिसाबले पनि भाटभटेनी खोलिनु हाम्रो लागि महत्वपूर्ण हो ।'

# वीरगंजमा पनि मनाइयो विश्व क्षयरोग दिवस



*वीरगंज, चैत ।*

वीरगंजमा पनि विविध कार्यक्रम गरी विश्व क्षयरोग दिवस मनाइएको छ । 'हो हामी क्षयरोग अन्त्य गर्छौं' भन्ने नाराका साथ वीरगंज महानगरपालिकाको जन स्वास्थ्य प्रवर्द्धन शाखाले विभिन्न कार्यक्रम गरि दिवस मनाएको हो । दिवसको अवसरमा बिहान घण्टाघर चोकबाट सचेतनामुलक र्‍याली निकालिएको थियो । उक्त र्‍याली आदर्शनगर हुँदै नगर परिक्रमा पछि पुन घण्टाघर फर्किएर कोणसभामा परिणत भएको थियो । र्‍यालीमा सहभागी भएका स्वास्थ्यकर्मीले सचेतनामुलक प्लेकार्ड बोक्नुका साथै क्षयरोग सम्बन्धि सचेतनामुलक सन्देश लेखिएका पम्पलेट वितरण समेत गरेका थिए । महानगरको स्वास्थ्य शाखामा कार्यरत तथा क्षयरोग रोकथामका फोकल पर्सन सुमनचन्द्र ठाकुरको संयोजकत्व र वीरगंज महानगरपालिका स्वास्थ्य शाखाका प्रमुख रितेश जैसवालको प्रमुख आतिथ्यतामा भएको र्‍यालीमा स्वास्थ्य कार्यालय पर्साका विनोद झा, नारायणी अस्पतालका डाक्टर उदयनारायण सिंह, विद्यार्थी जागरण मञ्चका अनोज खड्का लगायतको सहभागीता थियो । महानगरमा रहेका ३४ वटै स्वास्थ्य संस्थामा पनि सचेतनामुलक कार्यक्रम गरि विश्व क्षयरोग दिवस मनाइएको क्षयरोग रोकथामका फोकल पर्सन सुमनचन्द्र ठाकुरले जानकारी दिए । क्षयरोग माईकोब्याक्टेरियम ट्युबरक्लोसिस नामको ब्याक्टेरियाका कारण लाग्ने रोग हो । श्वासप्रस्वासका माध्यमबाट सजिलै सर्ने क्षयरोगको संक्रमण मधुमेह, एचआईभी, मिर्गौला प्रत्यारोपण गरेका, क्यान्सर जस्ता प्रतिरोध क्षमता कम भएका रोगीलाई छिटो हुने गर्दछ । नेपालमा क्षयरोगबाट प्रत्येक दिन करिब ४७ जनाको मृत्यु हुने गरेको छ । यस्तै दैनिक १ सय ९० जना हाराहारीमा क्षयरोगीका नयाँ बिरामी थपिने गरेका छन् । राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका अनुसार मुलुकमा हाल १ लाख १७ हजार क्षयरोगका विरामी छन् भने वर्षेनी ६९ हजार नयाँ विरामी थपिने गरेका छन् । नेपालमा क्षयरोका कारण वर्षेनी १७ हजार जनाले ज्याउन गुमाउनु परेको केन्द्रको तथ्याङक छ । विश्वमा भने वार्षिक १ करोड व्यक्तीलाई क्षयरोगको संत्रमण हुने गरेको छ भने १५ लाख जनाले क्षयबाट ज्यान गुमाउने गरेका छन् ।

# कृषकको समस्या समाधान गर्न वीरगंजमा बाली उपचार शिविर

*वीरगंज, चैत ।*

वीरगंजमा बाली उपचार शिविर सम्पन्न भएको छ । वीरगंज महानगरपालिकाको आयोजनामा बुधबार वीरगंज २१ परवानीपुरस्थित खेलमैदानमा बाली उपचार शिविर सम्पन्न भएको हो । बुधबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म चलेको शिविरमा करिब १ सय ६० जना कृषकले विभिन्न बालीको समस्या लिएर आएको र जैविक विषादी लगायत रासायनिक विषादी तथा सुक्ष्म पोषक तत्वहरू र बिरुवा वृद्धि नियामकहरू उपलब्ध गराइएको वीरगंज महानगरपालिकाकी कृषि अधिकृत उर्मिला श्रेष्ठले जानकारी दिइन् । कृषकहरूले शिविरमा आ( आफ्नो बाली नालीको डाँठ, पात, जरा (समस्या भएको भाग) वा फोटो लिएर आएबमोजिम रोग र समस्या अनुसारको समाधान गरिएको कृषि अधिकृत श्रेष्ठले बताइन् ।

उनका अनुसार शिविरमा तरकारी र आँपमा धेरै समस्या भएको पाइएको थियो । कृषकहरूको समस्यालाई समाधान गर्न वीरगंज महानगरपालिकाले शिविरको आयोजना गरेको महानगरका मेयर राजेशमान सिंहले बताए ।

# प्रदेश र स्थानीय तहले सङ्घबाट पाउने बजेट घट्ने

***- हेमन्त जोशी***

*काठमाडौं, चैत ।*

प्रदेश र स्थानीय तहले चालु आर्थिक वर्ष २०७९/०८० का लागि केन्द्र सरकारबाट पाएको बजेटको तुलनामा उनीहरूले आगामी आवमा पाउने बजेट घट्ने देखिएको छ । केही सङ्घीय मन्त्रालयले पनि चालु आवको तुलनामा आगामी वर्ष न्यून बजेट पाउनेछन् । उनीहरूले यस वर्ष पाएको बजेटभन्दा आउँदो वर्ष तयार पार्नुपर्ने बजेटको सीमा (सिलिङ) को आकार घटाएर पठाइएको छ । राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचनासहित आगामी आवको बजेट सीमा (सिलिङ) तयार पारेर सबै मन्त्रालय र प्रदेशलाई दिइसकेको छ ।

आयोगले गत फागुन १२ गते सार्वजनिक गरेको विवरणअनुसार आगामी आव २०८०/०८१ का लागि रू १६ खर्ब ८८ अर्ब ४० करोडको सीमाभित्र रही बजेट तयार पार्न लागिएको छ । चालु आवका लागि सरकारले रू १७ खर्ब ९३ अर्ब ८३ करोड बराबरको बजेट ल्याएको थियो । आगामी आवको बजेट सिलिङ चालु आवको विनियोजित बजेटभन्दा रू एक खर्ब पाँच अर्ब ४३ करोडले कम हो । सङ्घ सरकारको बजेट आकार घटेसँगै प्रदेश तथा स्थानीय तहले पाउने बजेट र विषयगत मन्त्रालयको बजेट रकम पछि घट्नेछ । आयोगको विवरणअनुसार चालु आवको विनियोजनको तुलनामा आगामी आवका लागि तोकिएको प्रदेशको सिलिङ १२ दशमलव आठ प्रतिशत र स्थानीय तहले पाएको सिलिङ १० दशमलव सात प्रतिशतले न्यून हो । चालु आव वर्षका लागि सरकारले प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रू चार खर्ब २९ अर्ब ८३ करोड पठाएको थियो । सोमध्ये प्रदेशका लागि रू एक खर्ब २९ अर्ब ४६ करोड र स्थानीय तहका लागि रू तीन खर्ब ३७ करोड बराबर विनियोजन भएको थियो । योजना आयोगको विवरणअनुसार आगामी आवका लागि प्रदेशले पाउने बजेट सीमा रू एक खर्ब १२ अर्ब ८६ करोड र स्थानीय तहले पाउने बजेटको सीमा रू दुई खर्ब ६८ अर्ब २४ करोड बराबर छ । आगामी आवको बजेट सिलिङ हेर्दा चालु आवको विनियोजनको तुलनामा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बजेट निकै घट्ने देखिएको छ । चालु आवका लागि सामान्य प्रशासन मन्त्रालयले रू ३५ अर्ब तीन करोड ४४ लाख बराबरको बजेट पाएको थियो । तर आगामी आवका लागि उक्त मन्त्रालयलाई रू पाँच अर्ब ५१ करोड ७७ लाख बराबरको मात्रै सिलिङ दिइएको छ । जुन रकम चालु आवको विनियोजित बजेटको तुलनामा ७८ प्रतिशतले न्यून हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको बजेट पनि घट्ने देखिएको छ । चालु आवका लागि स्वास्थ्य मन्त्रालयले पाएको बजेटको तुलनामा आगामी आवको सिलिङ ३६ प्रतिशतले न्यून देखिएको हो । चालु आवका लागि कूल रू ६९ अर्ब ३८ करोड बराबरको बजेट पाएको स्वास्थ्य मन्त्रालयले आगामी आवका लागि भने रू ४४ अर्ब ४५ करोडको बजेट सीमा पाएको छ । आयोगको विवरणअनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले चालु आवका लागि रू ७० अर्ब पाँच करोडको बजेट पाएकोमा आगामी आर्थिक वर्षका लागि रू ५७ अर्ब ८५ करोडको सीमा दिइएको छ । जुन १७ प्रतिशतले न्यून हो । युवा तथा खेलकुल मन्त्रालयले चालु आर्थिक वर्षका लागि रू दुई अर्ब ४५ करोडको बजेट पाएकोमा आगामी आवका लागि रू एक अर्ब ८८ करोडको सीमा पाएको छ । जुन चालु आवको भन्दा २३ प्रतिशतले न्यून हो ।

त्यसैगरी, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेट पनि घट्ने देखिएको छ । चालु आवका लागि रू एक खर्ब ६१ अर्ब ५६ करोड बराबरको बजेट पाएको यो मन्त्रालयले आगामी आवका लागि रू एक खर्ब २६ अर्ब २९ करोड बराबरको बजेट सिलिङ पाएको छ । चालु आवको विनियोजनभन्दा आगामी आवको सिलिङ २१ दशमलव आठ प्रतिशतले कम हो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको बजेट पनि घट्ने देखिएको छ । चालु आवका लागि मन्त्रालयले रू १० अर्ब ४८ करोड बराबरको बजेट पाएकोमा आगामी आर्थिक वर्षका लागि रू आठ अर्ब १३ करोडको सीमा दिइएको छ । यस वर्षको विनियोजनको तुलनामा मन्त्रालयले आगामी आवका लागि पाएको सिलिङ २२ प्रतिशतले न्यून हो । आयोगका अनुसार खानेपानी मन्त्रालयको बजेटको सीमा पनि घटेको छ । चालु आवका लागि रू ३७ अर्ब ३५ करोडको बजेट पाएको मन्त्रालयले आगामी आवका लागि रू १५ अर्ब ३२ करोडको बजेट सीमा पाएको छ । जुन २३ दशमलव आठ प्रतिशतले न्यून हो ।

आगामी वर्ष संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको बजेट पनि घट्ने देखिएको छ । चालु आर्थिक वर्षका लागि रू नौ अर्ब ३८ करोड बराबरको बजेट पाएको मन्त्रालयले आउँदो आवका लागि रू पाँच अर्ब ८१ करोडको सिलिङ पाएको छ । जुन ३८ प्रतिशतले न्यून हो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको बजेट पनि घट्ने देखिएको छ । चालु आवका लागि मन्त्रालयले रु सात अर्ब चार करोड बराबर बजेट पाएकोमा आगामी आर्थिक वर्षका लागि रू छ अर्ब ६० करोडको सीमा पाएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको बजेट पनि घट्ने देखिएको छ ।

विकास बजेट जोडिएका अधिकांश मन्त्रालयको बजेट घट्ने देखिए पनि केही मन्त्रालयको बजेट सीमा भने बढाइएको छ । योजना आयोगका अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पाएको बजेट सिलिङ चालु आवको विनियोजित बजेटभन्दा बढी छ । कृषि मन्त्रालयले चालु आवका लागि रू ५५ अर्ब ५७ करोड बराबर बजेट पाएको थियो । तर आगामी आवको बजेटको सीमा बढाएर रू ५६ अर्ब १९ करोड पुर्‍याइएको छ । शहरी विकास मन्त्रालयको बजेट सिलिङ पनि चालु आर्थिक वर्षको बजेटभन्दा बढी छ ।

# सार्वजनिक जग्गा खोज्ने वीरगंज महानगरको अभियान तीव्र



**वीरगंज, चैत ।**

वीरगंज महानगरपालिकाको विभिन्न वडामा स्थानीयले सार्वजनिक जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण गर्ने प्रवृत्ति बढ्दै गएको छ। महानगर क्षेत्रभित्रका सार्वजनिक पोखरी, उद्यान, मठमन्दिरलगायतको क्षेत्रमा व्यापक सार्वजनिक जग्गा अतिक्रमण गरी स्थानीयले ठूलाठूला भौतिक संरचनासँगै खेतबारीको रुपमा उपभोग गर्दै आएका छन् । यसरी सार्वजनिक जग्गा अतिक्रमण गर्ने प्रवृत्ति बढेसँगै वीरगंज महानगरपालिकाले वर्षौंदेखि अतिक्रमणमा परेको सार्वजनिक जग्गा खोज्ने अभियानलाइ तीव्रता दिएको छ ।

महानगरको बिभिन्न वडामा सार्वजनिक जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण गर्ने, खेतबारीको रुपमा उपभोग गर्नेजस्ता प्रवृत्ति बढ्दै गएपछि महानगरले अतिक्रमित जग्गा खोज्न अभियान चलाएको हो । अतिक्रमित जग्गा खोज्न र नापचाँज गरेर सार्वजनिक र निजी जग्गा छुट्याउन महानगरले विभिन्न वडामा प्राविधिक टोली परिचालन गरेको छ ।

"महानगरको धेरैजसो स्थानमा स्थानीयले सार्वजनिक जग्गा अतिक्रमण गरी निजी सम्पत्तिको रुपमा प्रयोग गर्दै आएका छन्", वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले भने, "पहिलो चरणमा प्राविधिक टोलीले वडा नम्बर १७ र १९ मा जग्गा खोज्ने र नापचाँज गरेर सार्वजनिक र निजी जग्गा छुट्याउने काम गरिरहेको छ ।" "विगत दुई सातादेखि सुरु गरेको सार्वजनिक जग्गा खोज्ने अतिक्रमणका क्रममा अहिलेसम्म करिब २६ बिघाभन्दा बढी अतिक्रमित सार्वजनिक जग्गा महानगर आफ्नो अधिकनमा ल्याउन सफल भइसकेको छ", उनले भने, "हामीले छोटो समयमै थुप्रै अतिक्रमित जग्गा फिर्ता गराएर सफलता प्राप्त गरेका छौं ।" सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रमण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको जग्गा खोजी गर्न महानगरको टोली नक्सा लिएरै सम्भावित स्थानमा पुग्न थालेपछि स्थानीयले पनि राम्रो साथ दिइरहेको जनाएको छ ।

महानगरको टोलीले वडा नम्बर १७ र १९ को सीमामा रहेको कोनियाँ गाउँमा स्थानीय केही व्यक्तिले अतिक्रमण गरेर खेतबारी गर्दै आएको पाँच बिघा जग्गा महानगरले आफ्नो अधिनमा ल्याएको वीरगंज

बाँकी तेश्रो पृष्ठमा

# वडाअध्यक्ष कानुद्वारा विद्यार्थीलाई पोसाक वितरण



**वीरगंज, चैत ।**

वीरगंज महानगरपालिका वडा नम्बर १० स्थित श्री रामचरण साह पन्नालाल माद्यामिक विद्यालयका विद्यार्थीहरुलाई पोसाक वितरण गरिएको छ । शिशुदेखि कक्षा १० सम्म अध्ययनरत ५ सय ९१ जना विद्यार्थीहरुलाई वडा नम्बर १० का वडाअध्यक्ष सुशिल कानुले पोसाक वितरण गरेका हुन् ।

वडा कार्यालयले सामुदायिक विद्यालयमा विद्यालयकै पोसाक वितरण गर्ने पूर्व कार्यक्रमअनुसार पहिलो चरणमा पन्नालाल माविका विद्यार्थीलाई वितरण गरिएको वडा कार्यालयका सचिव पवन कुमार प्रधानले जानकारी दिए । चालु आर्थिक वर्षका लागि

बाँकी तेश्रो पृष्ठमा

# भाटभटेनीले व्यवसायीकसँगै पर्यटनमा पनि बृद्धी हुने मेयर सिंहको विश्वास

**वीरगंज, चैत ।**



नेपालकै सबैभन्दा ठूलो चेन सुपरमार्केट भाटभटेनीले देशकै आर्थिक राजधानी वीरगंजमा पनि आफ्नो स्टोर सञ्चालनमा ल्याएको छ । मधेश प्रदेशकै पहिलो स्टोरका रुपमा भाटभटेनीले बिहिबारदेखि वीरगंजमा आफ्नो २४ औं शाखाका रुपमा स्टोर सञ्चालनमा ल्याएको हो । स्टोर वीरगंज महानगरपालिका वडा नम्बर १४ बहुअरीमा वीरगंज हेल्थ केयर अस्पतालको छेउमै खुलेको छ । भाटभटेनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक मीन बहादुर गुरुङले आजै एक कार्यक्रम बीच हिन्दू धर्म संस्कृति अनुसार पूजा गर्दै स्टोरको उदघाटन गरेका छन् ।

पर्सा, बारा, रौतहट र मधेश प्रदेशका अन्य जिल्लासँगै सीमावर्ती भारतीय शहरका उपभोक्तालाई समेत लक्षित गर्दै वीरगंजमा जग्गा र स्टोर आकारको हिसाबले देशभरिकै ठूलो दे भाटभटेनी सुपर मार्केटको शाखा खोलिएको गुरुङको भनाई छ । गुरुङले देशको मुख्य औद्योगिक नगरी वीरगंजमा भाटभटेनी सुपरमार्केटको सेवा सुरु गर्न पाउँदा खुशी लागेको प्रतिक्रिया पनि दिए । उनले, 'हामीले अन्तराष्ट्रिय स्तरको स्टोरबाट स्थानीय जनतालाई सेवा दिने मात्रै होइन ,स्थानीय उत्पादन खरिद र बिक्री तथा स्वरोजगारलाई विशेष प्राथमिकता दिएका छौं । स्थानीय किसान, उद्यमी, व्यवसायी, उद्योगले उत्पादन गरेका सामग्री खरिद गर्नुका साथै स्थानीय जनशक्तिलाई रोजगार प्रदान गर्दै आएका छौं ।'

अध्यक्ष गुरुङले आफूले केवल व्यपारका लागि नभइ सेवाभावले देशभर शाखा विस्तार गरिरहेको बताए । उनले भने,' वीरगंजमा पनि म व्यपार गर्न आएको होइन् । यहाँका उपभोक्ताले बजार मूल्य भन्दा केहि भएपनि सस्तोमा सामान पाउन भनेर सेवाभावले पनि यो शाखा विस्तार गरेको हुँ ।'

अहिले देशमै आर्थिक मन्दी चलिरहेको परिवेशमा खस्कदो अर्थतन्त्रलाई उकास्न केहि भएपनि टेवा पुगोस् भनेर वीरगंजमा सेवा विस्तार गरिएको उनले जिकिर गर्दै थपे, 'अर्थतन्त्र खस्कियो, आर्थिक मन्दी भयो भनेर नीजी क्षेत्र सुतेर बस्ने होइन, आफनो तर्फबाट जेजति हुन्छ जोडबल गर्नुपर्छ ।' वीरगंज पछि अब आगामी अषाढमा मधेशको केन्द्र जनकपुरमा र त्यसलगत्तै भदौंमा विर्तामोडामा पनि सेवा विस्तार गर्ने तयारी रहेको उनले जानकारी दिए । भाटभटेनी सुपर मार्केटका व्यवस्थापक विनोद भट्टराईका अनुसार वीरगंजमा सञ्चालनमा ल्याइएको सुपर मार्केट स्टोरको भौतिक संरचना र सामान सहितको लागत २ अर्ब ५० करोड रुपैयाँ रहेको छ । २ बिघा २ का क्षेत्रफल जग्गामा निर्मित सुपर मार्केट स्टोरमा २ लाख ५० हजार स्क्वायर फिटको सपिङ स्पेस रहेको छ भने सुपर मार्केट भवन ७ तल्ले छ । भट्टराइले भने, 'यो स्टोर अहिले सम्मका सबै स्टोरहरु मध्ये भवन तथा सपिङ स्पेसको हिसाबले सबै भन्दा ठूलो हो ।'

उनले भाटभटेनीको सुपर मार्केटका सामान बजारको भन्दा सस्तो मुल्यमा पाइने जिकिर पनि गरे । उननले भने, 'वीरगंजका उपभोक्ता सस्तोका लागि किनमेल गर्न प्राय सीमापारि रक्सौल बजार जान्छन् । त्यस्ता उपभोक्तालाई नै

बाँकी तेश्रो पृष्ठमा





## वीरगंज महानगरपालिकाको अपिल

- गर्मीयाम शुरु भएसँगै झाडा पखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइड लगायतका रोगको जोखिम बढीहुनेहुदा व्यक्तिगत सरसफाई र जनस्वास्थ्यको मापदण्डका पालना गरौं ।
- बासी सढेगलेका खानेकुरा नखाऔं ।
- खानालाई सधै छोपेर राखौं ।
- काचै खान मिल्ने फलफुल र तरकारीको सफा संग धोएर मात्र खाऔं ।
- खाना खानु अघि र पछि तथा शौचालयको प्रयोग गरेपछि अनिवार्य साबुन पनीले मिचि मिचि हात धुने बानी बसालौं ।
- आफ्नो घर वरपर सफा राखौं, रोग लाग्नबाट बचौं ।

वीरगंज महानगरपालिका कार्यालय
आदर्शनगर, वीरगंज

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर - १०, वीरगंज
०५१ ५२२८०२ | ५२२८०३
info@birgunjmun.gov.np | ito.birgunjmun@gmail.com
www.birgunjmun.gov.np